सर्वोच्च अदालत, एकल इजलास
माननीय न्यायाधीश श्री नहकुल सुवेदी
आदेश
मुद्दा नं. ०७८-WO-०१२४
मुद्दाः- उत्प्रेषण।

वातावरण कानुन समाज नेपालको तर्फबाट अधिवक्ता पदमबहादुर श्रेष्ठसमेत-१ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,सिंहदरवार समेत ---------------१ विपक्षी

प्रस्तुत निवेदन साथ संलग्न कागजात अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री विष्णु कुमार थोकर, श्री षटकोण श्रेष्ठ र श्री सन्जय अधिकारी तथा निवेदक हार्दिक सुवेदीले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदनको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारण सहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नू भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा म्याद् सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू।

साथै निवेदकले अन्तरिम आदेश जारी गरी पाउँ भनी माग गरेको समेत देखिएकोले सोतर्फ विचार गर्दा नेपालको संविधानको धारा ३० ले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई नागरिकको मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ। उक्त हकलाई व्यवहारमा उपभोग्य गराउनका लागि राज्यले प्रकृति र वातावरण माथि पर्न



Scanned with CamScanner

सक्ने वा परेका नकारात्मक असरहरुलाई निर्मुल वा न्यूनिकरण गर्न उपयुक्त उपायहरु अवलम्बन गर्नुपर्ने हुन्छ। नागरिकको उक्त स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको संरक्षण गर्न एवम् वातावरणीय प्रदूषण वा ह्रासलाई न्यूनिकरण गर्ने लगायत्का उद्देश्य अनुरुप राज्यले वातावरण संरक्षण सम्बन्धी ऐन,नियम लगायत विविध कानूनी व्यवस्था गरेको समेत देखिन्छ। वातावरणीय स्वच्छता कायम गर्न अवलम्बन् गरिएका वा गरिनुपर्ने विभिन्न उपायहरुमध्ये साविकमा कायम रहेको वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ ले कुनै पदार्थ वा चिज वस्तुको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थको प्रयोगमा बन्देज लगाउन सक्ने व्यवस्था गरेकोमा उक्त ऐनलाई प्रतिस्थापन गरेको वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ ले समेत सो व्यवस्थालाई निरन्तरता दिएको देखिन्छ। उल्लिखित संवैधानिक एवम् कानूनी व्यवस्थाका आधारमा जनस्वास्थ्य र वातावरणमा प्रतिकूल प्रभाव पार्ने प्लाष्टिकको झोलाहरुको प्रयोगलाई पूर्ण रुपमा रोक लगाई पाउँ भन्ने प्रस्तुत निवेदनको मुख्य जिकिर रहेको छ। प्लास्टिक झोलाको प्रयोगलाई प्रतिबन्ध लगाउने समेतका विषयमा यस पूर्व समेत यस अदालतमा विभिन्न रिट निवेदनहरु दायर भै विभिन्न आदेश भएको देखिन आउँछ।

सोमध्ये यस अदालतमा दायर भएको *सम्वत २०६० सालको रिट नं. ३०४३* को रिट निवेदनमा यस अदालतबाट मिति २०६१।०८।०४ मा आदेश हुँदा (ने.का.प. २०६१, अंक ८, निर्णय नं.७४३०) प्लाष्टिक झोलाको प्रयोगबाट वातावरणमा पर्ने असरका सम्बन्धमा वैज्ञानिक तथ्यबाट पुष्टि हुने नहुने एकिन गर्न तत्कालीन नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (RONAST) का प्लाष्टिक प्राविधिज्ञ समेत संलग्न एक प्राविधिक समिति गठन गरी आवश्यक अध्ययन अनुसन्धान गर्न गराउन निर्देशन भएको र आदेश बमोजिम गठित सो समितिले प्लाष्टिकका सामग्रीहरुको अत्याधिक प्रयोगले वातावरणलाई प्रदुषित गरी मानव स्वास्थ्यमा प्रतिकूल असर पर्ने भनी प्रतिवेदन पेश गरेको समेत देखिन आउँछ।

तत्पश्चात् नेपाल सरकार शिक्षा, प्रविधि तथा वातावरण मन्त्रालयले मिति



Scanned with CamScanner

२०७१।१२।१८ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सो सूचनामा तोकेको क्षेत्रमा मिति २०७२।१।१ देखि लागू हुने गरी २०x३५ इन्च साइज र (४० चालिस माइक्रोन) भन्दा कम मोटाइको प्लाष्टिक झोलाहरुको आयात, भण्डारण, बिक्री वितरण तथा प्रयोग गर्न प्रतिबन्ध लगाएकोमा उक्त सूचना बदर गरी पाउँ भनी नेपाल प्लाष्टिक उत्पादक संघका तर्फबाट परेको ०७१-WO-०७६७ को उत्प्रेषणको रिट निवेदनमा यस अदालतबाट मिति २०७४।५।११ मा आदेश हुँदा प्लाष्टिकको झोला समेतको प्रयोगबाट वातावरणमा पर्ने गम्भीर प्रतिकूल प्रभावको विस्तृत विश्लेषण गरी उक्त निवेदन खारेज गरेको देखिन्छ ।

यसप्रकार, प्लाष्टिक झोलाको प्रयोगबाट मानव जाति, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तुमाथि प्रतिकुल प्रभाव परी वातावरणको लाभदायी प्रयोगमा हानी नोक्सानी पुग्न जाने तथ्य विभिन्न प्राविधिक तथा वैज्ञानिक अध्ययन अनुसन्धानबाट स्थापित भएको र विश्वका विभिन्न मुलुकहरुले खास तौल वा मोटाईभन्दा कमका प्लाष्टिक झोलाहरुको प्रयोगलाई प्रतिबन्ध लगाएको समेत देखिन्छ। हाम्रो जस्तो सामाजिक आर्थिक परिवेश भएको मुलुकमा वातावरण बिग्रिसकेपछि त्यसको प्रभावलाई कम गरी पुनःस्वच्छता कायम गर्नु दुष्कर हुने भएकाले हाम्रो समग्र परिस्थितिकीय प्रणालीको अस्तित्व नै संकटमा पर्ने गरी वातावरणीय स्वच्छतामा ह्रास आइरहँदा समेत प्रदुषण रोकथामका लागि आवश्यक कुनै पहल नगरी वातावरण प्रदुषित भइसके पछि मात्र संरक्षणको कार्य प्रारम्भ गर्दा वातावरण प्रदुषण रोकथाम लगायत वातावरणीय न्यायको सुनिश्चितता लागि राज्यलाई संविधानले निर्धारित गरेको दायित्व यथोचित ढङ्गले निर्वाह गरेको भनी स्वीकार गर्न सकिने अवस्था रहँदैन।

यस स्थतिमा आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यको बुँदा नं १६० मा (४० चालिस माइक्रोन) भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा मिति २०७८।४।१ देखि पूर्णरुपमा प्रतिबन्ध लगाउने भनी उल्लेख भएको व्यवस्थालाई माथि विवेचित संवैधानिक, कानूनी तथा यस अदालतबाट वातावरणीय न्यायका सन्दर्भमा प्रतिपादित सिद्धान्तको समग्रतामा हेरिनु पर्ने देखिन आयो। तथापी सो बुँदामा उल्लिखित समय सिमा भुक्तान भइसक्दा समेत सो प्रावधान कार्यान्वयनमा



Scanned with CamScanner

आएको देखिएन। यसबाट केवल बजेट वक्तव्यमा उल्लिखित प्रवधानको कार्यान्वयन नभएको अवस्था मात्र नभई उल्लिखित संवैधानिक एवम् कानूनी व्यवस्थाको कार्यान्वयन र सर्वोच्च अदालतबाट पटक पटक भएका आदेश निर्देशनको परिपालनातर्फ समेत सम्बन्धित निकाय उदासिन रहेको स्पष्ट हुन आएको छ। अतः प्लाष्टिकको झोला (४० चालिस माइक्रोन भन्दा पातलो) को प्रयोगबाट सृजना हुने प्रतिकूल वातावरणीय प्रभाव वा दुर्घटनालाई रोकी स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक हकको संरक्षण गर्न अपरिहार्य देखिएको र निवेदन माग बमोजिमको अन्तरिम आदेश जारी नभएमा स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक हकको निरन्तर उल्लंघन भई आम नागरिकलाई अपूरणीय क्षति हुनजाने अवस्थाको विद्यमानता देखिएकाले तत्कालै देहाय बमोजिमको कार्य गर्नु, गराउनु भनी विपक्षीहरुका नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ को उपनियम (२) बमोजिम अन्तरिम आदेश जारी गरिएको छः-

१. आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यको बुँदा नं १६० मा ४०(चालिस) माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा मिति २०७८।४।१ देखि पूर्णरुपमा प्रतिबन्ध लगाउने बेहोरा उल्लेख भएको र यस पूर्व समेत विभिन्न मुद्दामा पटक पटक आदेश भएको समेत देखिएकाले बजेट बेहोरामा उल्लिखित प्रावधानको प्रभावकारी कार्यान्वयनको लागि आवश्यकता अनुसार संविधान बमोजिम प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा पर्ने विषयमा ती निकायसँग समेत आवश्यक समन्वय गरी विपक्षीमध्येको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवले संयोजन गरी अन्य निकायका जिम्मेवार पदाधिकारीहरुको सहभागितामा यो आदेश प्राप्त भएका मितिले १० (दश) दिनभित्र सम्बन्धित निकायहरुले गर्नुपर्ने काम, कर्तव्य, जिम्मेवारी, सो जिम्मेवारी पूरा गर्ने समय, जिम्मेवार अधिकारी र जिम्मेवारी पुरा हुन नसकेमा सो प्रति उत्तरदायी हुनुपर्ने व्यवस्था लगायत सो जिम्मेवारी पूरा गर्न गर्नुपर्ने क्रियाकलापको विवरण र कार्यप्रगति स्पष्ट हुने मापनीय सूचक समेत उल्लेख गरी स्पष्ट, वस्तुपरक र कार्यान्वयनयोग्य कार्ययोजना तयार गर्ने।



Scanned with CamScanner

२. सो कार्ययोजनाको १ (एक) प्रति लिखित जवाफ साथ संलग्न गरी यस अदालतमा समेत पेश गर्ने।

३. कार्ययोजना तयार भएको १० (दश) दिनभित्र सम्बन्धित सरोकारवाला निकायहरुसँग परामर्श वा कार्ययोजना कार्यान्वयनका लागि कुनै थप नीतिगत वा कार्यान्वयन तहको प्रबन्ध गर्नुपर्ने भए सो समेतका तयारीको कार्य सम्पन्न गरी सोको भोलिपल्ट अर्थात यो आदेश प्राप्त भएको मितिले २१ (एक्काइस) औं दिनबाट प्लाष्टिक झोला (४० माइक्रोनभन्दा पातलो) को उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा पुर्ण प्रतिबन्ध लगाउने सम्बन्धी आ.ब.२०७८।७९ को बजेट वक्तव्यको बुँदा नं. १६० को उल्लिखित प्रावधान देशभर लागू गर्ने।

४. कार्ययोजना र सोको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा जनचेतना र जागृतिका लागि आवश्यक प्रचार प्रसार गर्ने।

५. उक्त कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारका मुख्यसचिवको संयोजनमा विपक्षी मन्त्रालयहरुका सचिवहरु समेत रहने गरी कार्ययोजना कार्यान्वयन अनुगमनको संयन्त्र तयार गरी उक्त संयन्त्रले कार्ययोजना बमोजिम लगाइएको प्रतिबन्ध प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्ने।

६. उल्लिखित संयन्त्रले कार्ययोजना कार्यान्वयनको प्रगति विवरण सहितको प्रतिवेदन प्रत्येक २ (दुई) महिनामा यस अदालतमा पेश गर्ने र यस अदालतको मुद्दा महाशाखाले उक्त प्रतिवेदनमा आवश्यक निकासाको लागि इजलाससमक्ष पेश गर्ने व्यवस्था मिलाउने।

यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई दिनु।

न्यायाधीश

ईति सम्वत् २०७८ साल साउन २८ गते रोज ५ शुभम्-----------------



Scanned with CamScanner